## २.१ वडाको संक्षिप्त परिचय

धातिवाङ्गको नाम कसरी धातिवाङ्ग रहन गयो भन्ने सम्बन्धमा हिन्दुहरुको महान धार्मिक ग्रन्थ श्रीमद्‌भागवत तर्फ लाग्नुपर्ने हुन्छ । धार्मिक ग्रन्थ श्रीमद्‌भागवतको हिमवत् खण्डमा उल्लेखित धतुकोट भन्ने स्थान साविक धातिवाङ्ग गा.वि.स. ४ नं. वडामा रहेको अग्रजहरुको भनाइ रहेको छ । सोही धातुकोट भन्ने शव्द अपभ्रंश भई धातिवाङ्ग नाम रहन गएको विश्वास रहेको छ । धातिवाङ्गको नामाकरण सम्वन्धमा अर्को एउटा भनाई पनि रहेको छ जस अनुसार यस वडामा आदिवासीको रुपमा मगरहरुको बसोबास भएको र मगरको बस्तीलाई वाङ्ग भनिने हुँदा सोही कुरालाई धातुकोट सँग मिलाएर धातिवाङ्ग भनिने हुँदा धातुकोट सँग मिलाएर धातिवाङ्ग भनिएको कुरा पनि भन्ने गरिएको पाइन्छ ।

वि.सं. २०२१ देखि २०३२ सम्म धातिवाङ्ग अमरगाउँ पञ्चायतको रुपमा यो गाविस रहेको थियो जसको पहिलो प्रधान पंञ्चको रुपमा टेकनारायण पौडेल रहनुभएको थियो । २०३२ मा सुवर्णखाल गाउँ पञ्चायत र धातिवाङ्ग गाउँ पञ्चायतलाई मिलाएर सुवर्णखाल गाउँ पञ्चायत बनाइएको थियो । २०३८ मा सुवर्णखालबाट छुट्टिएर यो छुट्टै धातिवाङ्ग गाविसको रुपमा स्थापित भएको इतिहास पाइन्छ । नेपालको सविंधान, २०७२ अनुसार नेपाल राज्य पुर्नसंरचना अर्न्तगत मिति २०७३ फागुन २७ गतेको निर्णयअनुसार अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहका ६१ वडामध्येको एउटा वडा धातिवाङ्ग हो ।

### २.१.१ बसोबास

वडामा अधिकांश ब्राह्मण क्षेत्री समुदायको बाहुल्यता रहेको छ । यस बाहेक जनजाती र दलित समुदायको पनि बसोवास रहेको छ ।

### २.१.२ खोलानाला

वडामा ठुला-ठुला खोला/नदीहरू रहेका छैनन् । मुख्य खोलाको रूपमा सिस्ने खोला रहेको छ ।

### २.१.३ प्राकृतिक स्वरूप

यो वडा मध्य पहाडी श्रृङ्खलामा रहेको छ । यहाँको प्राकृतिक सम्पदाको रूपमा वनजङ्गल रहेको छ । वडामा प्रायः बलौटे, दोमट र चिम्ट्याइलो माटो पाइन्छ ।

### २.१.४ हावापानी, भू–उपयोग

वडामा उपोष्ण र समशितोष्ण प्रदेशीय हावापानीले गर्दा विशेष गरी वैशाख, जेठ र असारमा गर्मी हुन्छ भने पुष र माघ महिनामा जाडो हुन्छ ।

### २.१.५ तापक्रम

पृथ्वी उत्तरी गोलार्धमा भएकोले यहाँ गृष्म ॠतु (वैशाख, जेठ र असार) मा गर्मी हुन्छ । वर्षा ॠतुमा पानी पर्ने हुनाले गर्मी केही कम हुन्छ । शरद् ॠतु (असोज, कार्तिक) र बसन्त ॠतु (चैत बैशाख) मा पनि गर्मी हुन्छ । हेमन्त ॠतु (मंसीर, पुष) र शिशिर ॠतु (माघ फागुन) मा भने यहाँ जाडो हुन्छ ।

### २.१.६ प्रमुख चाडपर्व

यहाँका मानिसहरु दर्जन भन्दा बढी चाडपर्व मनाउँछन् । ती, मध्ये नयाँ वर्ष, अक्षयतृतिया, श्रावणसंक्रान्ति, नागपञ्चमी, रक्षाबन्धन जनैपुर्णिमा, श्रीकृष्ण जन्माष्टमी, हरितालिका तीज, विजयादशमी, तिहार, न्वागी, माघी (माघे संक्रान्ति), महाशिवरात्री, फागुपूर्णिमा र चैतेदशैं आदि पर्दछन् । वडामा मनाइने चाडपर्वहरू तालिका नं. १ मा रहेको छ :

**तालिका नं. १ : वडामा मनाइने चाडपर्व**

| क्रसं | चाडपर्व | मनाइने महिना | मनाउने जातजाति |
|---|---|---|---|
| १. | नयाँवर्ष | वैशाख | सम्पूर्ण |
| २. | अक्षयतृतिया | वैशाख | हिन्दु धर्मावलम्बी |
| ३. | साउने सक्रान्ति | श्रावण | हिन्दु धर्मावलम्बी |
| ४. | नागपञ्चमी | श्रावण | हिन्दु धर्मावलम्बी |
| ५. | रक्षा बन्धन/जनैपूर्णिमा | श्रावण भाद्र | हिन्दु धर्मावलम्बी |
| ६. | श्रीकृष्णजन्माष्टमी | भाद्र | हिन्दु धर्मावलम्बी |
| ७. | हरितालिका तीज | भाद्र | हिन्दु धर्मावलम्बी |
| ८. | विजयादशमी | आश्विन | हिन्दु धर्मावलम्बी |
| ९. | तिहार/दीपावली | कार्तिक | हिन्दु धर्मावलम्बी |
| १०. | न्वागी | मंसिर | हिन्दु धर्मावलम्बी |
| ११. | माघे सक्रान्ति | माघ | हिन्दु धर्मावलम्बी |
| १२. | महाशिवरात्री | फागुन | हिन्दु धर्मावलम्बी |
| १३. | होली | फागुन चैत्र | हिन्दु धर्मावलम्बी |
| १४. | चैते दशैं /रामनवमी | चैत्र | हिन्दु धर्मावलम्बी |

उल्लेखित चाडपर्वको छोटो परिचय यस प्रकार छ :

**नयाँ वर्ष :**

नेपाली नयाँ वर्ष शुरू हुने यो पर्व बैशाख महिनामा पर्दछ । यस दिनको धार्मिक महŒव नभए पनि सांस्कृतिक र मनोरञ्जनात्मक महŒव रहेको छ ।

**अक्षयतृतिया :**

पौराणिक कथनअनुसार यसै दिन महाभारतको लडाइँ सकिएको थियो र द्वापर युग पनि सकिएको थियो । यसै दिन श्रीकृष्णले युधिष्ठिरले सोधेको प्रश्नको जवाफ दिँदै भनेका थिए-आजका दिन जुनसुकै रचनात्मक तथा सांसारिक कार्य गरे पनि त्यसको पुण्य प्राप्त हुन्छ । कुनै पनि नयाँ काम थालनी गर्दा त्यसबाट ख्याति प्राप्त हुन्छ । यस दिन स्नान, दान, ध्यान, जप, तप, हवन, स्वाध्याय एवं पितृ तर्पण गर्दा त्यसबाट ठूलो पुण्य प्राप्त हुने विश्वास रहि आएको छ ।

**नागपन्चमी :**

नागपञ्चमी श्रावण शुक्ल पक्षको पञ्चमीका दिन मनाइन्छ । यस दिनमा नागको पूजा गर्ने गरिन्छ। नागपञ्चमी एक श्रद्धा र विश्वासको पर्व हो । यस दिनमा नागको साथै नाग धारण गर्ने भगवान् भोलेनाथको पूजा आराधना पनि गरिन्छ । नागपञ्चमीको दिन नागको चित्रमा दुध, दही, अक्षता, फुल, दुबो राखी गाईको गोबरको सहायताले घरको ढोका माथि अष्टनागको चित्र टाँस्ने गरिन्छ । यस दिनदेखि वर्षायाम समाप्त भई हिउँदयाम सुरू भएको पनि मान्ने गरिन्छ ।

**रक्षाबन्धन :**

संस्कृत भाषामा रक्षा बन्धनको अर्थ रक्षाका लागि बाँधिएको धागो भन्ने हो । यो हिन्दू समुदायको महŒवपूर्ण पर्व हो । यो पर्व पनि सामान्यतया साउन र भदौ महिनामा पर्दछ ।

**कृष्णजन्माष्टमी :**

यो पर्व भगवान् श्रीकृष्णको जन्म दिनसँग सम्बन्धीत छ । श्रीकृष्ण भगवानको स्मरण गर्दै वर्त वसी घर घरमा तथा कृष्ण मन्दिरमा पूजा गरी कृष्णजन्माष्टमी विशेष उल्लासका साथ मनाइन्छ ।

**हरितालिका तीज :**

तीजलाई नारी समुदायको पर्वका रूपमा लिने गरिएको छ । तीजको अघिल्लो राति दर खाएर तीजको दिन महिला भगवान् शिव पार्वतीको पूजा गरी व्रत बस्ने गर्छन् । यो पर्व सामान्यतया साउन महिनामा पर्छ ।

**दशैं :**

असोज र कार्तिक तिर नेपाली हिन्दु समुदायको महŒवपूर्ण पर्व दशैं पर्दछ । आश्विन शुक्ल प्रतिपदादेखि शुरू हुने यो पर्व ९ दिनसम्म देवी भवानीको पूजा-आजा गरी दशौं दिनदेखि पन्ध्रौं दिनसम्म मान्यजनका हातबाट टीका लगाएर मनाइन्छ । यस पर्वलाई बडादशैं पनि भनिन्छ ।

**तिहार :**

तिहार पर्व सामान्यतया कार्तिक महिनामा पर्दछ । यसलाई उज्यालोको पर्व पनि भनिन्छ । पाँच दिनसम्म मनाइने यस पर्वमा काग तिहार, कुकुर तिहार, गोरू तिहार, गाई तिहार, लक्ष्मी पूजा र भाइटीका पर्दछन् ।

**न्वागी :**

न्वागी भनेको नयाँ अन्न भित्र्याउने पर्वका रूपमा प्रसिद्ध छ । यसलाई न्वागी खाने भन्दछन् ।

**माघे सङ्क्रान्ति :**

माघ महिना प्रारम्भ हुने दिन अर्थात् सक्रान्तिमा पर्ने यो पर्व सबै जातिको विशेष पर्व मानिन्छ । यस पर्वलाई वर्ष भरिकै जाडो दिन मानिन्छ । यहाँका समुदायले यस दिन बिहानै नुहाइधुवाइ गरि मिठोमिठो खाने, नाचगान र रमाइलो गदर्छन् ।

**शिवरात्रि :**

शिवरात्रिको अर्थ शिवजीसँग सम्बन्धीत रात हो । यो पर्व सामान्यतया फागुन महिनामा पर्दछ । यस दिन शिवालय मन्दिर लगायत स्थानीय शिवमन्दिरमा मेला र व्रतालुहरूको घुइँचो लाग्ने गर्दछ ।

**होली :**

रङ्गको पर्वका रूपमा परिचित होली पर्व एक आपसमा रङ्ग छ्यापाछ्याप गरी मनाउने चलन रहेको छ ।

## २.२ वडाको स्थापना

संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको २०७३/१०/२२ को निर्णय अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले २०७३/११/२२ मा साविकको धातिवाङ्ग गाउँ विकास समितिलाई पाणिनि गाउँपालिकाको ६ नं. वडा कायम गरिएको थियो ।

## २.३ राजनीतिक तथा प्रशासनिक केन्द्र

वडा क्षेत्र भित्र विभिन्न कार्यालय स्थापना एवम् सञ्चालनमा रहेका छन् । सङ्घीय निर्वाचनका लागि अर्घाखाँची जिल्ला १ र प्रदेश सभा निर्वाचन क्षेत्रका लागि २ वटा निर्वाचन क्षेत्र रहेका छन् । वडाको क्षेत्र सङ्घीय निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन १ (ख) मा पर्दछ ।

## २.४ जनसङ्ख्याको आकार तथा वितरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार वडाको कूल जनसङ्ख्या १ हजार ८ सय ४३ रहेको छ । जसमध्ये पुरुष ७ सय ६९ अर्थात ४१.७२ % र महिला १ हजार ७४ अर्थात ५८.२७% रहेका छन् । औषत घरधुरीको जनसङ्ख्या आकार ४.३३ रहेको छ । यसरी हेर्दा पुरूष भन्दा ३०५ ले महिलाको जनसङ्ख्या बढी रहेको छ ।

त्यस्तै राष्ट्रिय जनगणना, २०७८ अनुसार वडाको कूल जनसङ्ख्या १ हजार ६ सय ८ रहेको छ । जसमध्ये पुरुष ७ सय ४२ अर्थात ४६.१४ % र महिला ८ सय ६६ अर्थात ५३.८५% रहेका छन् । औषत घरधुरीको जनसङ्ख्या आकार ३.८६ रहेको छ । यसरी हेर्दा पुरूष भन्दा १२४ ले महिलाको जनसङ्ख्या बढी रहेको छ । यसरी गत १० वर्षमा २३५ जनसङ्ख्या कम भएको छ ।

### २.४.१ वडाको जनसङ्ख्याको आकार

**तालिका नं. २ : वडामा जनसङ्ख्याको आकार (२०६८-२०७८)**

| जनगणना वर्ष | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औषत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | |
| २०६८ | ४२६ | १०७४ | ७६९ | १८४३ | ४.३३ |
| २०७८ | ४१७ | ८६६ | ७४२ | १६०८ | ३.८६ |

स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८/राष्ट्रिय तथ्याङ्क विभाग, काठमाडौं

### २.४.२ उमेर समूह अनुसारको जनसङ्ख्या


राष्ट्रिय जनगणना २०७८, अनुसार वडाको उमेर समूहको आधारमा हेर्दा १५ वर्ष मुनिको जनसङ्ख्या कूल जनसङ्ख्याको २४.८१ प्रतिशत रहेको छ। त्यस्तै, ६० वर्ष देखि माथिको जनसङ्ख्या १७.७२ प्रतिशत रहेको छ। १५ वर्ष देखि माथि ६० वर्ष सम्मको जनसङ्ख्या ५७.४६ प्रतिशत रहेको छ। ०-१४ र ६० भन्दा माथिको जनसङ्ख्या उत्पादनको दृष्टिले निष्कृय अर्थात आश्रित हुने गर्दछ। यो उमेर समूह त्यसमा पनि ०-१४ वर्षको जनसङ्ख्या बढी हुनु विकासका दृष्टिले राम्रो मानिदैन। उमेर समूह अनुसारको जनसङ्ख्या तालिका नं. ३ मा रहेको छ :

**तालिका नं. ३ : उमेर समूह अनुसार जनसङ्ख्याको विवरण**

| क्र.सं. | उमेर समूह | जम्मा | प्रतिशत | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ००-०४ | ११३ | ७.०२७ | ६३ | ८.४९१ | ५० | ५.७७ |
| २. | ०५- ०९ | १४० | ८.७०६ | ७८ | १०.५१ | ६२ | ७.१६ |
| ३. | १०- १४ | १४६ | ९.०८ | ७९ | १०.६५ | ६७ | ७.७४ |
| ४. | १५- १९ | १७० | १०.५७ | ८२ | ११.०५ | ८८ | १०.१६ |
| ५. | २०- २४ | १४० | ८.७०६ | ६१ | ८.२२१ | ७९ | ९.१२ |
| ६. | २५- २९ | १२१ | ७.५२५ | ५० | ६.७३९ | ७१ | ८.२० |
| ७. | ३०- ३४ | ८७ | ५.४१ | ३८ | ५.१२१ | ४९ | ५.६६ |
| ८. | ३५- ३९ | ८९ | ५.५३५ | २८ | ३.७७४ | ६१ | ७.०४ |
| ९. | ४०- ४४ | ९० | ५.५९७ | २९ | ३.९०८ | ६१ | ७.०४ |
| १०. | ४५- ४९ | ८२ | ५.१ | ३७ | ४.९८७ | ४५ | ५.२० |
| ११. | ५०- ५४ | ७९ | ४.९१३ | ३८ | ५.१२१ | ४१ | ४.७३ |
| १२. | ५५- ५९ | ६६ | ४.१०४ | ३१ | ४.१७८ | ३५ | ४.०४ |
| १३. | ६०- ६४ | ६८ | ४.२२९ | २८ | ३.७७४ | ४० | ४.६२ |
| १४. | ६५-६९ | ६३ | ३.९१८ | २८ | ३.७७४ | ३५ | ४.०४ |
| १५. | ७०-७४ | ६७ | ४.१६७ | ३३ | ४.४४७ | ३४ | ३.९३ |
| १६. | ७५-७९ | ४१ | २.५५ | १८ | २.४३ | २३ | २.६६ |
| १७. | ८०-८४ | २८ | १.७४१ | १० | १.३५ | १८ | २.०८ |
| १८. | ८५-८९ | १३ | ०.८०८ | १० | १.३५ | ३ | ०.३५ |
| १९. | ९०-९४ | ४ | ०.२४९ | ० | - | ४ | ०.४६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०. | ९५+ | १ | ०.०६२ | १ | ०.१३ | ० | ०.०० |
| | सबै समुह बर्ष | १,६०८ | १०० | ७४२ | १०० | ८६६ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।




### २.४.३ वडामा रहेका टोल बस्तीहरुको विवरण

वडामा ६८ वटा टोल बस्तीहरू रहेका छन् । सबै भन्दा बढी साविकको १ र ४ नं. वडामा १५ र १३ वटा र कम ५ नं. वडामा ४ वटा रहेका छन् । साविकको वडा अनुसारका टोलको विवरण तालिका नं. ४ मा गरिएको छ :

**तालिका नं. ४ : साविकको वडा अनुसार टोलको विवरण**

| साविकको वडा नं. | मुख्य टोलको नाम | टोल सङ्ख्या |
|---|---|---|
| १. | डल्लेरह, पिरेनी, शिखे, चिमचिमे, धुसेनी, बाढुङ्गा, टाकुरा, प्युठानी टोल, हर्रापाटा, नुनथला, लाकुरपाटा, छेडा, थामका चौर, उपल्लाडाँडा, लाकुरीका रुख । | १५ |
| २. | निन्युखर्क, खोल्टा, धुसेनी, लामडाँडा, माझघर । | ५ |
| ३. | चिदेरी, बुढाचौर, सिरुखर्क, रन्दले, तामाखोला, रनेबारी, धनुखर्क । | ७ |
| ४. | तल्लाजिमिरे, उपल्लाजिमिरे, नाकेधारा, कटिनटाकुरा, गोठाक्कनी, थाम, कोट, भञ्ज्याङ्ग, कोहल, दाही हाल्ने, काफलचौर, कोदालीखर्क, ठुलापात्ला । | १३ |
| ५. | उर्लेनी, गल्दा, धारमुनी, तोस । | ४ |
| ६. | तोस, गल्दा, दहटोल, खासीपोखरा, उपल्लागैरापोखरा, जिम्मालटोल, ढाव । | ७ |
| ७. | धर्मेडाँडा, वोखरडाँडा, चिदेरी, खोलाखर्क, राजुकारुख । | ५ |
| ८. | तल्लागाउँ, माझगाउँ, तल्लारेटोल, उपल्लोगाउँ, धैरेनी । | ५ |
| ९. | तामागौरा, लामडाँडा, जुखुदी, झाँक्रीसल्ला, सलेन्धारा, चिउरीनेटा, दह । | ७ |

## २.५ शैक्षिक संस्थाहरूको विवरण

शिक्षा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो। व्यक्तिमा अर्न्तनिहित सृजनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानबीय मुल्य एवम् मान्यतालाई आत्मसात् गरी बैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाको मूल उद्देश्य रहेको छ। शिक्षाले नागरिकको आर्थिक क्षमता अभिबृद्धि गर्ने, प्रकृतिक श्रोत तथा सामाजिक परम्परा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नु र राष्ट्रभक्ति, श्रम प्रति प्रेम तथा सम्मान जगाउँदै ज्ञान, सिप र प्रबिधिले योग्य जनशक्ति उत्पादन गर्ने उपायको रुपमा अङगिकार गरेको छ। यो वडा मिति २०७१ जेष्ठ २६ गते पूर्ण साक्षर घोषणा भएकोले साक्षरताको स्थिति राम्रो रहेको पाइन्छ। वडाका सबै उमेर समूहका मानिसहरु लेख्न पढ्न सक्ने भएकोले महिला तथा बालबालिकाको साक्षरता विवरण राम्रो रहेको पाइन्छ। वडामा संस्थागत विद्यालय रहेका छैनन्। वडामा रहेका विद्यालयहरुको विवरण तालिका नं. ५ मा रहेको छ :

**तालिका नं. ५ : वडामा सञ्चालित विद्यालयहरूको विवरण**

| क.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | साविकको वडा नं. | प्रध्यानाध्यापक | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | श्री धातिवाङ्ग माध्यमिक विद्यालय | १-१२ | ८ | हिमलाल पौडेल | ९८४७०९१४० |
| २. | श्री अमर आधारभुत विद्यालय | १-५ | ४ | हिमलाल पौडेल | ९८५७०६१३२४ |
| ३. | श्री सुर्योदय आधारभुत विद्यालय | १-५ | १ | घनश्याम पौडेल | ९८४७३४३३७० |
| ४. | श्री सिता आधारभुत विद्यालय | १-५ | ९ | राज बहादुर सारु | ९८४९१२१९१२ |
| ५. | श्री कालिका आधारभुत विद्यालय | १-३ | ६ | गोविन्द प्रसाद पौडेल | ९८४७०८८२६१ |

## २.६ बालविकास तथा विद्यार्थी सङ्ख्याको विवरण

तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको प्रारम्भिक बालविकास केन्द्र रहेका छन्। बालबालिकाको लागि विद्यालय शिक्षाको आधार तयार गरी सञ्चालन गरिएको बालविकास केन्द्रले बालबालिका सहित शैक्षिक गुणस्तर सुधार तथा अभिभावकमा समेत सकारात्मक प्रभाव परेको छ। ५ वटा बालविकास केन्द्रमार्फत १६ छात्रा र २१ छात्र गरी कूल ३७ विद्यार्थी अध्ययनरत रहेका छन्। ३१९ जना विद्यार्थीले बाँकी कक्षामा अध्ययन गर्ने गर्दछन्। वडा भित्र सञ्चालित सामुदायिक विद्यालयमा बालविकास र बाँकी कक्षामा अध्ययनरत विद्यार्थीहरूको विवरण तालिका नं. ६ मा रहेको छ :

**तालिका नं. ६ : बालविकास केन्द्र र अन्य कक्षामा अध्ययनरत विद्यार्थीहरुको विवरण**

| क.सं. | विद्यालयको नाम | बालविकासमा अध्ययनरत विद्यार्थीको विवरण | | | बाँकी कक्षामा अध्ययनरत विद्यार्थी संख्याको विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री धातिवाङ्ग माध्यमिक विद्यालय | २ | ३ | ५ | ८० | ९८ | १७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | श्री अमर आधारभुत विद्यालय | १ | २ | ३ | १३ | १८ | ३१ |
| ३. | श्री सुर्योदय आधारभुत विद्यालय | ५ | ९ | १४ | ३४ | २३ | ५७ |
| ४. | श्री सिता आधारभुत विद्यालय | २ | ३ | ५ | १४ | १० | २४ |
| ५. | श्री कालिका आधारभुत विद्यालय | ६ | ४ | १० | १० | १९ | २९ |
| जम्मा | | १६ | २१ | ३७ | १५१ | १६८ | ३१९ |

### २.७ स्वास्थ्य तथा पोषण

स्वास्थ्य सेवामा वडा मध्यम रहेको छ । स्वास्थ्य चौकी, गाउँघर क्लिनिक, खोप केन्द्र सञ्चालित रहेका छन् । निजी क्लिनिकहरुले पनि सेवा पुऱ्याईरहेका छन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ । वडाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वास्थ्य संस्थाको पहुँच ग्रामीण भेग भन्दा सहज देखिन्छ । यद्यपि वडामा आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मी पर्याप्त रहेका छैनन् ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यूदरको सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणको गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी, परम्परागत विश्वास आदिका कारण स्वास्थ्य सेवा लिनेको सङ्ख्यामा कमी रहेको छ । वडाका सबै वडामा स्वास्थ्य संस्था रहेता पनी औषधी समयमा आपुर्ती नहुनु मुख्य समस्याको रूपमा रहेका छन् । ठुला किसिमका रोग लागेमा सन्धिखर्क, बुटवल र काठमाडौं जाने गरेका छन् । वडामा स्वास्थ्य संस्थाहरूले प्रदान गरेको उपचारात्मक सेवाको विवरण तालिका नं. ७ मा रहेको छ :

**तालिका नं. ७ : उपचारात्मक सेवा लिनेको विवरण**

| क.सं. | सेवा लिनेको विवरण | आ.वं. | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १. | वहिरङ्ग सेवा लिने नयाँ सेवाग्राही | ११६४ | १०८७ | ८७६ |
| २. | जम्मा जनसङ्ख्याको वहिरङ्ग सेवा लिन आउनेको दर (प्रतिशत) | ६२.४ | ५८.६ | ५४.४ |
| ३. | जम्मा वहिरङ्ग सेवा मध्ये महिलाले लिएको सेवा | ६६७ | ५७९ | ४९५ |

### २.८ वडामा देखापरेका मुख्य रोग

वडामा रहेका स्वास्थ्य संस्थाहरूले गरेको सेवा प्रवाह र सेवाग्राहीहरूले लिएको सेवाका आधारमा वडामा देखापरेका मुख्य रोगहरू तालिका नं. ८ मा रहेका छन् :

**तालिका नं. ८ : वडामा देखापरेका मुख्य रोगहरू**

| क.सं. | रोगको प्रकार | विरामी सङ्ख्या |
|---|---|---|
| १. | अन्य रोग चोटपटकबाट टाउको दुख्ने | १५९ |
| २. | लड्नु, चोटपटक लाग्नु र भाच्चिनु | १०२ |

| | | |
|---|---|---|
| ३. | अन्य सरूवा रोग श्वासप्रश्वासको उपल्लो भागको समस्या | ७२ |
| ४. | हाडजोर्नी दुख्ने रोग | ६५ |
| ५. | छालारोग तथा लुतो | ६३ |
| ६. | अन्य सरूवा रोग श्वासप्रश्वासको तल्लो भागको समस्या | ६० |
| ७. | आखाँ सम्बन्धी रोग | २६ |
| ८. | नाक, कान र घाँटी सम्बन्धी रोग | २५ |

## २.९ सडक

कुनै पनि क्षेत्रको आर्थिक र सामाजिक विकासलाइ गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक यातायात एउटा महŒवपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ । वडाको सबै क्षेत्रमा सडक सञ्जाल क्रमशः विस्तार भईरहेको छ । सबै वडामा सडकको सुविधा क्रमशः विस्तार भएकाले उत्पादित वस्तुलाइ बजारसम्म पुर्‍याउन सजिलो बन्दै गएको छ । वडा केन्द्रबाट सन्धिखर्क, पाल्पा, सालझण्डीसँग सिधा सम्पर्क रहेको छ । साविकका सबै वडाहरूबाट वडाको केन्द्र जोडिएको छ । वडाका विभिन्न टोल-टोल सडक सञ्जालबाट जोडिएका छन् । ट्र्याक खोलिएका सडकहरूलाई दिगो बनाउन वडाको ध्यान जानेछ । वडामा रहेका सडकहरूको विवरण तालिका नं. ९ मा रहेको छ :

**तालिका नं. ९ : वडामा सडकको अवस्था**

| क्र.नं. | सडकको नाम |
|---|---|
| १. | डल्लेरह, धातिवाङ्ग, नेटा सडक |
| २. | मैदान, बाडुङ्गा, चिदेरी, पधेरा, जुखुदी, चिउरीनेटा, दह सडक |
| ३. | चिवेक, डल्लेरह ,बाडुङ्गा, आलमनगर सडक |
| ४. | पधेरा, निदेनीगैरा, दहकाचौर, गैरापोखरा, धर्मेडाँडा, ढाव, माझगाउँ, जैसीका डोवा, म्यालपोखरी, टाकुरी हुदै पधेरा रिङ्गरोड सडक |
| ५. | नेटा, कोट, जिमिरे, सिरुखर्क, घुम्ति सडक |
| ६. | फेदी, टाकुरा सडक |
| ७. | मालिका, धनुखर्क, बाडुङ्गा सडक |
| ८. | ठूलापधेरा, फेदी सडक |
| ९. | बोखर, खोलाखर्क, दह सडक |
| १०. | जैसीका डोवा, टाकुरा सडक |

| | |
|---|---|
| ११. | जैसीका डोवा, धैरेनी सडक |
| १२. | निन्युखर्क, धुसेनी, चौपारी सडक |
| १३. | खन्युकारुख, आरुखोला, सिरुखर्क सडक |
| १४. | चिउरीनेटा, सल्लेन्धारा सडक |
| १५. | राइनडाँडादेखि कामीडाँडा सडक |
| १६. | छेडा, थामका चौर सडक |

## २.१० यातायात

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । वडामा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भएतापनि अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक र सामाजिक विकासलाई गतिशील बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन आवश्यक हुन्छ । कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्त्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ । यातायात सुविधाको रूपमा सदरमुकाम सन्धिखर्क, पाल्पा रुपन्देहीको सालझण्डी देखि वडाका विभिन्न वडामा जिप सञ्चालन हुदै आएका छन् । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधार जस्तैः सवारी साधन पार्किङ्ग स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिन्ह, जिप, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधा व्यवस्थित रूपमा विकास गर्नु पर्नेछ । वडाका विभिन्न स्थानहरूमा जिल्ला सदरमुकाम सन्धिखर्क लगायत अन्य स्थानहरूबाट आवतजावत गर्ने सवारी साधन, प्रस्थान तथा गन्तव्य स्थान र समय तालिका नं. १० मा रहेको छ :

**तालिका नं. १० : सदरमुकामबाट वडाका विभिन्न स्थानमा सवारी छुट्ने समय तालिका**

| क्र.सं. | छुट्ने समय | छुट्ने स्थान | पुग्ने स्थान | सवारी साधन |
|---|---|---|---|---|
| १. | बिहान ७:०० बजे | धातिवाङ्ग (पधेरा) | सन्धिखर्क | जिप |
| २. | बिहान ६:०० बजे | धातिवाङ्ग (पधेरा) | सालझण्डी | जिप |
| ३. | बिहान १०:०० बजे | सालझण्डी | धातिवाङ्ग (पधेरा) | जिप |
| ४. | दिउँसो २:०० बजे | सन्धिखर्क | धातिवाङ्ग (पधेरा) | जिप |
| ५ | बिहान ७:०० बजे | मैदान (भर्तापुर) | मैदान, बाढुङ्गा, डल्लेरह हुदै सन्धिखर्क | जिप |
| ६ | दिउँसो २:०० बजे | सन्धिखर्क | सन्धिखर्क, डल्लेरह, बाढुङ्गा, हुदै मैदान | जिप |

### २.१०.१ वडा कार्यालय देखि गाउँपालिका कार्यालय सम्मको दुरी

वडा कार्यालयबाट गाउँपालिका कार्यालय सम्म पुग्न लाग्ने समय एकनासको छैनन् । सवारी साधनबाट विभिन्न स्थानबाट करिब ३० मिनेट देखि १ घण्टासम्म समय लाग्ने गरेको छ । सवारी साधन चल्न

नसकेको अवस्थामा पैदल मार्ग पनि अपनाउनु पर्नेछ । वडा कार्यालयदेखि गाउँपालिका केन्द्र सम्मको दुरी तालिका नं. ११ मा रहेको छ :

**तालिका नं. ११ : वडा कार्यालय देखि गाउँपालिका केन्द्र सम्मको दुरी**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | गा.पा. केन्द्र रहेको स्थान | केन्द्र सम्मको दूरी (कि.मी.) |
|---|---|---|---|
| १. | धातिवाङ्ग (पधेरा) | दुर्गाफाँट | १६ कि.मि. |

### २.१०.२ पुल - पुलेसा सम्बन्धी विवरण

**तालिका नं. १२ : पुल - पुलेसा सम्बन्धी विवरण**

| क्र.सं. | पुल/खोलाको नाम | अवस्थिति ठेगाना | दाँया किनारा रहेको स्थान | बाँया किनारा रहेको स्थान |
|---|---|---|---|---|
| १. | डल्लेरह पक्की पुल | पाणिनि ६ | पाणिनि ६ | पाणिनि ७ |
| २. | फदी खोला पक्की पुल | पाणिनि ६ | पाणिनि ६ | पाणिनि ६ |
| ३. | आरुखोला ट्रस पुल | पाणिनि ६ | पाणिनि ६ | पाणिनि ६ |
| ४. | डल्लेरह झोलुङ्गे पुल | पाणिनि ६ | पाणिनि ६ | पाणिनि ७ |

### २.१०.३ खेलमैदान सम्बन्धी विवरण

**तालिका नं. १३ : खेलमैदान सम्बन्धी विवरण**

| क्र.सं. | खेल मैदानको नाम | अवस्थिति ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | थामकाचौर खेलमैदान | पाणिनि ६, बाढुङ्गा | |
| २. | ढाँव खेलमैदान | पाणिनि ६, ढाँव | |
| ३. | पहेराचौर खेलमैदान | पाणिनि ६, पहेराचौर | |

### २.१०.४ शवदाह स्थलको विवरण

**तालिका नं. १४ : वडामा शवदाह स्थलको विवरण**

| क्र.सं. | शवदाह स्थान | कैफियत |
|---|---|---|
| १. | सिस्ने र धम्मा खोलाको दोभान | |
| २. | सिस्ने खोलाको एक्लेखेत क्षेत्र | |

### २.११ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार वडामा डिभिजन वन र सव-डिभिजन वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन

हस्तान्तरण गर्ने कार्य भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूह नै हुन्छन्। यसको उद्देश्य नाङ्गा डाँडा पाखामा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने रहेको छ। मुख्य उद्देश्यमा विपन्न परिवारको गरिबी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता सवाल समेत समावेश भएकोले गरिबी न्यूनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। डिभिजन र सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलाप सञ्चालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतको समयमा थोरै जनसङ्ख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ।

सामुदायिक वनका उपभोक्तासँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव रहेको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनलाइ स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरूरी छ। उपभोक्तामा रहेका परम्परागत वन संरक्षण विधिका अतिरिक्त नयाँ विधि र कार्यशैलीको विकास गराउन जरूरी रहेको छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्तालाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसर प्रदान गर्नुपर्ने छ।

वन व्यवस्थापन, संरक्षण, सम्बन्धन तथा सामुदायिक वनमा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले डिभिजन वन कार्यालय अर्घाखाँची अर्न्तगत सव डिभिजन वन कार्यालय, पाणिनिबाट सेवा प्रवाह हुँदै आइरहेको छ। वडामा ५ वटा सामुदायिक वन रहेका छन्। सामुदायिक वनको विवरण तालिका नं. १५ मा रहेको छ :

**तालिका नं. १५ : सामुदायिक वनको विवरण**

| सि.नं. | सामुदायिक वनको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सुर्योदय सामुदायिक वन उपभोक्ता समुह | पाणिनि गा.पा. ६, धातिवाङ्ग, अर्घाखाँची |
| २. | श्री लालिगुराँस सामुदायिक वन उपभोक्ता समुह | पाणिनि गा.पा. ६, धातिवाङ्ग, अर्घाखाँची |
| ३. | श्री सिरुखर्क भटिनडाँडा सामुदायिक वन उपभोक्ता समुह | पाणिनि गा.पा. ६, धातिवाङ्ग, अर्घाखाँची |
| ४. | श्री गोपेनी बजेनी सामुदायिक वन उपभोक्ता समुह | पाणिनि गा.पा. ६, धातिवाङ्ग, अर्घाखाँची |
| ५. | श्री जुखुदी सलेन्धारा चिउरीनेटा सामुदायिक वन उपभोक्ता समुह | पाणिनि गा.पा. ६, धातिवाङ्ग, अर्घाखाँची |

## ४.७ बैङ्क तथा वित्तीय संस्थाको विवरण

वडामा शाखारहित बैकिङ्ग सेवा प्रवाह भएको छ। उद्योग व्यापारमा लगानी गर्न वित्तीय संस्था मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक गाउँमा सञ्चालित सहकारी र वित्तीय संस्थाले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने वडा बासीसँग रहेको रकमलाई निक्षेपको रूपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन्। वडामा रहेका बैङ्क तथा वित्तीय संस्थाको विवरण तालिका नं. १६ मा रहेको छ :

**तालिका नं. १६ : बैङ्क तथा वित्तीय संस्थाको विवरण**

| क.सं. | बैङ्कको नाम | प्रकार (वर्ग) | बैङ्कले प्रदान गर्ने सुविधा | शाखा कार्यालय रहेको स्थान | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ग्लोबल आइ एम इ बैङ्क लिमिटेड | क वर्ग | शाखा रहित | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | मनिराम पौडेल | ९८४७२३५२३६ | |

## सहकारी संस्थाको विवरण

आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महŒवपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई वडा बाहिर जानबाट रोकी आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण र कृषि प्रकृतिका सहकारी संस्थाबाट कर्जा लगानी हुने गरेको छ । साथै, नियमित रूपमा सदस्यबाट बचत सङ्कलन पनि गर्दै आएको छ । वडामा १ वटा बहुउद्धेश्यीय र १ वटा कृषि  गरी २ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन् । जसको विस्तृत विवरण तालिका नं. १७ रहेको छ :

**तालिका नं. १७ : सहकारी संस्थाको विवरण**

| क.सं. | सहकारी संस्थाको नाम | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री सिद्धेश्वर बहुउद्धेश्यीय  सहकारी संस्था लिमिटेड | घनश्याम पौडेल | ९८५७०६६९२६ |
| २. | श्री लुम्बिनी सामुदायिक कृषि सहकारी संस्था लिमिटेड | पुनाराम पौडेल | ९८४७३२१६९१ |

## २.१२ पर्यटकीय तथा धार्मिक स्थल

वडाका विभिन्न स्थानमा रहेका धार्मिक पर्यटन, साहित्यिक पर्यटन, ऐतिहासिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, कृषि तथा खेल लगायतका अन्य पर्यटन क्षेत्रको विशेष महत्व रहेको छ । विभिन्न कालखण्डमा ऋषिमुनिहरुले तपस्या गरेका स्थानहरुको ऐतिहासिक तथा धार्मिक महत्व छ भने बन जंगल र खोलानालाहरुको प्राकृतिक महत्व छ । त्यसै गरी विभिन्न जातजातिहरुको संस्कृतिले त्यो क्षेत्रको आकर्षण र पर्यटकीय सम्भावना बढाएको छ । यस वडाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थानहरू तालिका नं. १६ मा निम्नानुसार रहेका छन् :

**तालिका नं. १६ : वडाका मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरु**

| क्र.नं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सिद्धेश्वर गुफा | धातिवाङ्ग ८, ढुङ्गढुङ्गे |
| २. | थामकाचौर खेलमैदान तथा पिकनिक स्पर्ट | धातिवाङ्ग १, बाढुङ्गा |
| ३. | श्री कालिका मन्दिर | धातिवाङ्ग ८, माझगाउँ |
| ४. | श्री कालिकाठी पर्यटकीय क्षेत्र तथा सम्भावित पदमार्ग | धातिवाङ्ग ४, ५, ६, ७ र ९ |
| ५. | श्री शिवालय मन्दिर | धातिवाङ्ग ६, दहकुटी |
| ६. | श्री मालिका मन्दिर | धातिवाङ्ग ३, चिदेरी |
| ७. | श्री दुख निवारण शिवालय मन्दिर | धातिवाङ्ग ४, जिमिरे |
| ८. | श्री मालिका मन्दिर | धातिवाङ्ग ४, लेख |
| ९. | श्री शिद्ध मन्दिर | धातिवाङ्ग ९, चिउरीनेटा |
| १०. | श्री शिद्धपानी मन्दिर | धातिवाङ्ग २, शिद्धपानी |
| ११. | श्री शिद्ध मन्दिर | धातिवाङ्ग ७, खोलाखर्क |
| १२. | श्री माइकास्थान मन्दिर | धातिवाङ्ग १, चौपारी |
| १३. | श्री कालिका मन्दिर | धातिवाङ्ग १, चौपारी |
| १४. | श्री खड्गदेवी मन्दिर | धातिवाङ्ग १, बाढुङ्गा |
| १५. | श्री कालिका मन्दिर | धातिवाङ्ग २, राइनडाँडा |

## २.१३ निर्वाचन सम्बन्धी विवरण

### २.१३.१ स्थानीय तह निर्वाचन, २०७४ र २०७९

नेपालको संविधान, २०७२ भाग-२४ धारा २४५ को (१) मा निर्वाचन आयोग रहने व्यवस्था गरेको छ। स्थानीय तह निर्वाचन, २०७४ र २०७९ को बारेमा केही जानकारी तालिका नं. १७ मा रहेको छ :

**तालिका नं. १७ : स्थानीय तहको निर्वाचनमा निर्वाचित पदाधिकारीहरूको दलगत विवरण**

| क्र.सं. | दलको नाम | वडा अध्यक्ष | म. सदस्य | द.म. सदस्य | खुला सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेपाली काँग्रेस | १ | १ | १ | २ | ५ |
| २. | ने.क.पा.एमाले | ० | ० | ० | ० | ० |
| ३. | नेकपा माओवादी केन्द्र | ० | ० | ० | ० | ० |

**जनप्रतिनिधिको विवरण**

| क्र.सं. | नाम थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| **जनप्रतिनिधिको विवरण** | | | | | |
| (१) | श्री कृष्णप्रसाद पौडेल | वडा अध्यक्ष | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८५७०६३६३३ | |
| (२) | श्री तारा पौडेल | वडा सदस्य | पाणिनि गाउँपालिका ६, | ९८६६१९७१३७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | धातिवाङ्ग | | |
| (३) | श्री पुनीकुमारी कामी | वडा सदस्य | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८४८६३७६४३ | |
| (४) | श्री खगेश्वर पौडेल | वडा सदस्य | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८४७५३३९४८ | |
| (५) | श्री हरिप्रसाद पौडेल | वडा सदस्य | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८५७०६९०६३ | |
| **कर्मचारीहरुको विवरण** | | | | | |
| (१) | श्री राजन महत्रा | वडा सचिव | पाणिनि गाउँपालिका ७, अड्गुरी | ९८६१४५९१६१<br>९८५७०८६८२० | |
| (२) | श्री रञ्जु पोखेल | सब इन्जिनियर | मालारानी गाउँपालिका ४, खन | ९८४७१६०३५५ | |
| (३) | श्री किरण रायमाझी | पशु प्राविधिक | सन्धिखर्क नगरपालिका ६, नरपानी | ९८४७४११११११ | |
| (४) | श्री इन्द्रमणि पौडेल | कार्यालय सहायक | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८६७२३६४८० | |
| (५) | श्री बालुराम पौडेल | कार्यालय सहयोगी | पाणिनि गाउँपालिका ६, धातिवाङ्ग | ९८४७३७८९०९ | |